# माण्डवी गाँउपालिका प्यूठान समक्ष

# पेश गरिएको आ.व. २०७५/०७६ को दोश्रो चौमासिक

# सार्वजनिक सुनुवाई कार्यक्रमको

।।।

## प्रतिवेदन

।।।

प्रतिवेदन पेश गर्ने

**यूथ मिडिया डेभलप्मेन्ट सेन्टर, नेपाल**

*(सामुदायिक रेडियो कृपालु)*

**खलंगा प्यूठान**

**१. सार्वजनिक सुनुवाई संयोजन गर्ने व्यक्तिको नाम, थर र ठेगाना :**

आयोजक : माण्डवी गाँऊपालिका, प्यूठान

सहजिकरण : यूथ मिडिया डेभलप्मेन्ट सेन्टर, नेपाल (सामुदायिक रेडियो कृपालु)

सहकार्य : नेपाल पत्रकार महासंघ जिल्ला शाखा प्यूठान

संयोजन/सहजकर्ता : विजयसिंह भारती

**२. सुनुवाई गरिएका विषयवस्तुहरु :**

क) गाँऊपालिकाले आ.व. ०७५/०७६ मा संचालन गरेका गतिविधिहरुको प्रगति प्रतिवेदन प्रस्तुत गरियो ।

ख) गाँऊपालिकाले बनाएका कानुन, नीति नियम, विकास योजना एवं गतिविधिहरुको बारेमा सुनुवाई गरी जिज्ञासा, सुझाव एवं गुनासो संकलन गरियो ।

ग) कार्यक्रम पुर्व संकलन गरिएको नागरिक प्रतिवेदन र बर्हिगमन अभिमत पत्रको प्रतिवेदन प्रस्तुत गरि गाँऊपालिका अध्यक्ष श्रीधर रोका र प्रमुख प्रशासकीय अधिकृत शिसिर रिजालबाट जवाफ तथा प्रतिवद्धता लिइयो ।

घ) समग्र कार्यक्रममा उठेका प्रमुख सवालहरुलाई समेटी ३ बुँदे सामुहिक प्रतिवद्धता जनाइयो ।

**३. कार्यक्रम आयोजना स्थल :**

माण्डवी गाँऊपालिकाको देविस्थान (बगौंचा)

**४. कार्यक्रम आयोजना गरिएको मिति र समय :**

मिति : २०७५ फागुन १४ गते मंगलबार

दिउँसो १२:०० बजेदेखि १४:३० बजेसम्म

**५. कार्यक्रम संचालन गरिएको समयावधि (घण्टा/मिनेटमा) :**

दुई घण्टा तीस मिनेट

## ६. वर्हिरगमन अभिमत पत्रबाट :

बर्हिगमन अभिमत संकलनका क्रममा संकलन भएका सवालहरु र जवाफ :

| क्र.सं. | सवालहरु | जवाफदेहि व्यक्ति,कार्यालय वा संस्था | जवाफ | कैफियत |
|---|---|---|---|---|
| १. | सेवाप्राप्त गर्न आवश्यक पर्ने कागजात र लाग्ने दस्तुर शुल्क बारे स्पष्ट जानकारी नभएको | प्र.प्र.अ. | नागरिक वडा पत्रमा उल्लेख गरिएकोले त्यसको प्रयोग बढाउनुपर्ने । सूचना अधिकारी मार्फत जानकारी लिन सकिने | |
| २. | सेवा प्रक्रिया झन्झटिलो भएको | प्र.प्र.अ. | प्रक्रिया बारे पुर्व जानकारी भएमा झनझटिलो नहुने भएकाले सूचना लिन अनुरोध छ । नियमानुसार प्रक्रिया लामो पनि हुन सक्दछ । | |
| ३. | कृषि समुह दर्ता प्रमाण पत्र गुणस्तरीय भएन | प्र.प्र.अ. | प्रमाण पत्रलाई गुणस्तरीय बनाइनेछ । | |
| ४. | कृषिमा दिइएको अनुदानको नियमित अनुगमन गर्नुपर्ने । | अध्यक्ष | अनुदानका कार्यक्रम गाँऊपालिकामा न्यून छन् । भएकाहरुको प्रभावकारी अनुगमन गर्ने प्रतिवद्धता | |
| ५. | कर संकलन गर्न समुदाय बस्ती स्तरमा शिविर संचालन गर्नुपर्ने । | अध्यक्ष | अत्यन्तै राम्रो सुझाव । यसलाई कार्यपालिका वैठकबाट निर्णय गरि लागु गरिनेछ । | |
| ६. | सूचना सहज पहुँच र सार्वजनिक हुनुपर्‍यो । | प्र.प्र.अ. | नियमित सूचना पाटीमा टाँस गर्ने, वेव साइटमा राख्ने गरिएको छ । वडा कार्यालय सम्म सूचना अधिकारीको व्यवस्था गरिएको छ । छिट्टै मोवाइल एप सञ्चालनमा ल्याइनेछ । | |
| ७. | जनप्रतिनिधिले विकास निर्माणका काम एकलौटी गर्ने गरेको | अध्यक्ष | त्यस्तै कुनै योजना छैनन् । भए जस्तो लाग्छ भने योजनाको नाम दिनहोस्, त्रुटि भए तत्काल सुधार गरिनेछ । | |
| ८. | निर्णयहरुमा सवैपक्षसँग छलफल गर्नुपर्ने | अध्यक्ष | सहकार्य र समन्वय गर्ने प्रतिवद्धता जनाउँदछु । | |
| ९. | जनमैत्री कार्य गर्नुपर्ने | अध्यक्ष | धेरै कामहरु जनमैत्री छन् । एकीकृत सम्पत्तिबाट उठेको सम्पूर्ण रकम शिक्षा विकासमा खर्चेका छौं । | |

**बहिर्गमन अभिमत (Exit Poll) मा सहभागीहरुको विवरण :-**

(गाँऊपालिकाबाट सेवा लिई फर्किएकाहरु सहभागी)

| जम्मा | महिला | पुरुष | दलित | | जनजाति | | क्षेत्री | | ब्राम्हण | | अन्य | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | महिला | पुरुष | महिला | पुरुष | महिला | पुरुष | महिला | पुरुष | महिला | पुरुष | |
| ५० | ११ | ३९ | ३ | ६ | ४ | १९ | २ | ८ | २ | ६ | ० | ० | |

**७. नागरिक प्रतिवेदन पत्र** (Citizen Report Card) **बाट :**

**नागरीक प्रतिवेदन पत्र संकलनका क्रममा संकलन भएका सवाल तथा सुझावहरु र सोको जवाफ :**

| क्र.सं. | सवालहरु | कार्यालय वा संस्था | जवाफ | कैफियत |
|---|---|---|---|---|
| १. | सेवा लिन आउँदा गाँऊका ठूलावडाको सहयोग लिनु परेको । | प्र.प्र.अ. माण्डवी गाँऊपालिका | निश्चिन्त भएर सेवा लिन आउनुहोस् । कसैको साहारा लिनु पर्दैन । तपाई सेवाका लागि बस्तीस्तर सम्म जनप्रतिनिधि र कर्मचारीहरु छन् । | |
| २. | उजुरी पेटिकाको प्रयोग नहुने गरेको | प्र.प्र.अ. माण्डवी गाँऊपालिका | उजुरी पेटिकामा कुनै उजुरी नै पर्ने गरेको छैन । कुनै गुनासो छन् भने गुनासो सुन्ने अधिकारीको व्यवस्था गरेका छौं । सोझै भन्न सक्ने अवस्था छैन भने यसको प्रयोग गर्न सकिन्छ । | |
| ३. | सार्वजनिक सुनुवाई गरेको बारे थाहा नभएको | प्र.प्र.अ. माण्डवी गाँऊपालिका | यस आ.व.को दोश्रो चौमासिकको गरेका छौं । आगामी चौमासिकको पनि गर्ने र नियमित गर्दै जाने प्रतिवद्धता | |
| ४. | कार्यालयको बार्षिक नीति, कार्यक्रम र श्रोत बारे जानकारी नभएको | प्र.प्र.अ. माण्डवी गाँऊपालिका | वेव साइटमा राखिएको छ । कसैले जानकारी लिन चाहेमा कार्यालयमा सम्पर्क गर्न सक्नुहुनेछ । | |
| ५. | कार्यालयको भौतिक अवस्था सुधार गर्नुपर्ने | प्र.प्र.अ. माण्डवी गाँऊपालिका | आफ्नै भवन छैन । भाडामा लिएर भए पनि सेवा दिन तत्पर छौं । भौतिक अवस्थालाई अपाङ्गमैत्री बनाउन पनि प्रतिवद्ध छौं । | |

**नागरिक प्रतिवेदन (Citizen Report Card) मा सहभागीहरुको विवरण (सार्वजनिक सुनुवाई संचालन हुने देविस्थान सेवा क्षेत्र भित्रका सहभागीहरु)**

| जम्मा | महिला | पुरुष | दलित | | जनजाति | | क्षेत्री | | ब्राम्हण | | अन्य | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | महिला | पुरुष | महिला | पुरुष | महिला | पुरुष | महिला | पुरुष | महिला | पुरुष | |
| ५० | १३ | ३७ | ३ | ६ | ५ | १७ | ३ | ९ | २ | ४ | | १ | |

**७. सार्वजनिक सुनुवाईमा उठेका प्रश्न/जिज्ञासा र उत्तर (मुख्य-मुख्य) :**

| क.सं. | प्रश्नकर्ता गुनसो गर्ने वा सुझाव दिनेको नाम, थर र ठेगाना | सहभागीको प्रश्न/गुनासो/सुझाव | जवाफ दिने पदाधिकारीको नाम, थर र ठेगाना | जवाफको छोटकारी व्यहोरा |
|---|---|---|---|---|
| १. | रेशम ठेडी, नयाँगाँऊ प्यूठान | - पहिले भन्दा राजस्व बढ्यो ?<br>- योजना तयार गर्दा समन्वय र सहकार्य कम भयो की ?<br>- गाँऊपालिकाको केन्द्रका लागि जग्गा कहिले सम्म लिइन्छ ? | श्रीधर रोका अध्यक्ष, माण्डवी गाँऊपालिका | - एकीकृत सम्पत्ति कर नीति लागु गरिएको छ । यसबाट उठेको सबै कर गाँऊपालिकाको २६ विद्यालयमा शिक्षा विकासका लागि खर्चिने योजना छ ।<br>- योजना तयार गर्दा बस्ती र वडा स्तरमा स्थानीयको परामर्स र छलफलका आधारमा गर्ने गरिएको छ । यसलाई थप प्रभावकारी बनाइनेछ ।<br>- गाँऊपालिकाको केन्द्रका बारेमा कार्यपालिकाले आवश्यक निर्णय लिएको छ । दुई क्षेत्रमा जग्गादाता भेटिएका छन् । सबैको छलफलबाट छिट्टै टुङ्गो लगाइनेछ । |
| २. | रामचन्द्र पौडेल नयाँगाँऊ, प्यूठान | - एउटै योजनामा दोहोरो टेण्डर भयो ? पहिलो काम नसकि दोश्रो टेण्डरको काम कसरी हुन्छ ?<br>- स्थानीय व्यापारको प्रवर्द्धन गर्ने, व्यवसायीलाई करको दायरामा ल्याउने र घुमन्ते व्यापारीको विषयमा | श्रीधर रोका अध्यक्ष, माण्डवी गाँऊपालिका | - निर्माण व्यवसायीले कम रकम कबोल गरि कामको जिम्मा लिएपछि बचेको रकमबाट पुन: टेण्डर गरिएको हो । पहिलो टेण्डरले निश्चित गरेको काम सम्पन्न भएपछि दोश्रो टेण्डरको काम शुरु हुन्छ । निश्चित समयमै |

| | | | | |
|---|---|---|---|---|
| | | गाँऊपालिकाको योजना के छ ?<br>- जनप्रतिनिधिलाई पोषाकको व्यवस्था गरिएको छ भन्ने सुन्नमा आएको छ, खास कुरा के हो ? | | काम सम्पन्न गराउन हामी प्रतिवद्ध छौं ।<br>- स्थानीय व्यापारको प्रवर्द्धन, व्यवसायीलाई करको दायरमा ल्याउन र शनिवार हुने बजार बन्दको विकल्प, घुमन्ते व्यापारी नियन्त्रणका लागि प्यूठान उद्योग बाणिज्य संघ माण्डवी बजार इलाकासँगको छलफल र समन्वयमा आवश्यक निर्णय लिइनेछ ।<br>- कार्यपालिकाका जनप्रतिनिधिहरुलाई एकैखालको पोषाकको व्यवस्था गरिएको छ । |
| ३. | मनिराम सुनार तिराम, प्यूठान | - ५ लाखको सिंचाई योजनाको उपभोक्ता समितिको अध्यक्ष हुँ तर काम गर्न समस्या भएको छ सहयोग गर्नुपर्‍यो ? | श्रीधर रोका अध्यक्ष, माण्डवी गाँऊपालिका | - उपभोक्ता समितिलाई सामाग्री खरिदमा समस्या परेको रहेछ, वडा अध्यक्षले त्यसको संयोजन गरेर समस्या समाधान गरिनेछ । |

**८. कार्यक्रममा प्रस्तुत गरिएको सामुहिक प्रतिवद्धता :**

१. माण्डवी गाँऊपालिकाबाट सम्पादन हुने सम्पूर्ण कामहरु सहकार्य र समन्वयमा सञ्चालन गरिनेछ ।

२. विकास योजनाका कामहरु सम्झौता अवधिमै सम्पन्न गर्न हामी प्रतिवद्ध छौं ।

३. स्थानीय व्यापारको प्रवर्द्धन, व्यवसायीहरुलाई करको दायरामा ल्याउने (छुटेकाहरुलाई), शनिवार बजार बन्द हुने भएकाले त्यसको विकल्पको खोजी र घुमन्ते व्यापारीका विषयमा प्यूठान उद्योग बाणिज्य संघ माण्डवी बजार इलाकासँग सहकार्य गर्न माण्डवी गाँऊपालिका प्रतिवद्ध छ ।

प्रतिवेदन दिइएको मिति : २०७५ फागुन १४ गते

सार्वजनिक सुनुवाई संयोजकको दस्तखत :